नेपाल खीष्टियन हेराल्ड
NEPAL CHRISTIAN HERALD



राष्ट्र, राष्ट्रियता, आत्मिक जागृतिमा समर्पित इसाई क्षेत्रको सच्चा पहरेदार

Volume 25 No 11 Monthly International Edition of Herald of His Coming November 2024

वर्ष २५, अङ्क ११ हेराल्ड अफ हिज कमिङको अन्तर्राष्ट्रिय सम्पादन (मङ्सिर, २०८१)

जे. हडसन टेलर (१८३२-१९०४) परमेश्वरका लागि चीनमा (भाग ४)

(J. Hudson Taylor (1832-1905) in China for God (Part 4)

(अगाडिको अंकको क्रमशः)

हडसन टेलरले एउटा सानो दैनिकीमा लेखेका केही शब्दहरुले उनको चिनियाँहरुलाई कति प्रेम गर्दछन् भन्ने देखाउँछ। यो उनको विश्वासको प्रदर्शन र उत्साह हो। उनले यसरी लेखेका थिए "मैले चेकियाङ (प्रान्त) मा अझै पनि सुसमाचार प्रचार गर्न बाँकी भएका चार फस र ४८ हिसियन्स (प्रशासनिक जील्लाहरु) का लागि ५० - १०० जना सेवकहरुको आवश्यकता पर्दछ भनी परमेश्वर सँग प्रार्थनामा मागे, त्यहाँ अरु ९ वटा प्रान्तहरुमा विदेशीहरुलाई प्रवेश निषेध गरिएको त्यो पनि बाटो खोलियोस भनी मैले प्रार्थना गरें। मैले येशू सँग यसरि प्रार्थना गरें "हे येशू तपाईंले मलाई अब विश्राम दिन्छु भन्नुभएको छ धन्यवाद, । यी कामहरु गर्न अझै बाँकीरहेकाले मलाई अझै तपाईंले राख्नुपर्दछ र मलाई यी काम गर्न शक्ति, ज्ञान र आत्माको अनुग्रह दिनुहोस् ।" आमिन ।

'गहिरो दुखको मार्गबाट पूर्ण आशिष :

त्यो वर्ष उनलाई आफ्नो घर वेलायत बोलाइयो, उनका नानीहरु हेरी रहेकी व्याटालीले पनि स्वर्गिय वोलावट पाईन, उनी चीन-वेलायत सेवाको सचिवको रुपम ाकाम गरेकि थिएन। उनले हडसनलाई धेरै कुरामा सहायता पनि गर्दथिन् । उनको निधनले हडसनलाई झनै गाह्रो बनायो र केही कुरा परिवर्तन गर्नुपर्ने भयो। वेलायत जानुभन्दा केही अगाडि टेलर एकदमै विरामी परे । उनि बेलायत गएर विस्तारामा आफूलाई सिमित पारे। उनको रोगले च्याप्तै गयो र उनले सोचेको काम गर्न नसक्ने भए ।

उनको सयनकक्ष उनको प्रार्थना कोठा भयो, उनले आफ्नो कोठामा देखिने गरी चीनको नक्सा झुण्ड्याएका थिए। उनलाई राम्रोसँग निको हुनु अगिनै उनी विभिन्न व्यक्तिहरुलाई भेट दिन थाले र अन्तर्वाता पनि दिए। पाँचौ महिनाको अन्तमा उनलाई अलिक ठिक हुन लागेको थियो, उनले यसरी लेखेका थिए "मलाई विश्वास छ कि मलाई लागेको यति लामो रोगबाट परमेश्वरले केही निको पार्नुभयो यसको अर्थ मैले अझै चीनमा धेरै काम गर्न बाँकी भएर त हो। जुन कामको अनुभव मलाई थियो त्यो अरु मानिसहरुलाई नभएको कारणले मैले फेरी चीन फर्कने मौका पाएँ। यसले मलाई चिनियाहरुको विचमा अझै काम गर्न उत्साह मिल्यो।"

"उनी चीन फर्किएपछि १८ जना सेवकहरुलाई त्यहाँ पठाइयो, टेलरले यो कुरा विचार गरे कि अब ति सेवकहरुले गरेका सम्पूर्ण कामहरुको

श्रेय कसैलाई दिनु पर्ने हो भने यो उनलाई दिनुपर्दछ । यी मानिसहरुले टेलरको क्षमताको प्रसंसा गर्दै थिए प्रार्थनाका कामहरु सुरु भएर उनले प्रार्थना भन्दा अरु योजनाहरु निर्माण गर्ने काममा ध्यान दिए । यी सबै कुराहरुको महिमा परमेश्वरलाई जान्छ:

मानिसहरु प्रार्थनामा जुटे र कसरी परमेश्वरले काम गर्नुभएको छ थाहा गरेर तिनीहरु सारै उत्साहित भए । टेलरले ति सेवकहरुलाई यसरी लेखिका छन् "के हामी हरेकले प्रार्थनामा बढि परिश्रम गर्ने, उहाँको सहायताले मात्र परमेश्वरसँग बढ्ता घनिष्ट सम्बन्ध कायम राख्ने र के हामीले हाम्रो कामको वारेमा कम सोच्ने हो र ? के हामीले उहाँको कामको बारेमा सोच्नै हुँदैन ? टेलर र अलि स्वस्थ हुँदै गएको यस समयमा उनको घरको सरलता देखेर उनलाई भेट्न जाने मानिसहरु अतिनै चकित भए । टेलरको प्राप्त गरेको जीवनबाट उनले थाहा गरे अझै पनि चीनलाई उनको खाँचो छ र त्यो खाँचो उनले मात्र पूरा गर्न सक्छन् । उनलाई चिनियाँहरुको स्वभाव राम्रोसँग थाहा थियो, त्यहाँका मानिसहरु समुहमा काम गर्न रुचाउँछन्, र आफूले गर्न नचाहेको कुरा अरुहरुलाई पनि नगरोस् भन्ने उनिहरु चाहन्छन् ।

हामीले थोरैमात्र गर्दछौ तर परमेश्वरले धेरै काम गर्नुहुन्छ :

कति मानिसहरुले आफ्नो श्रोतको आधारमा कामको निर्धारण गर्दछन् । मानिसले श्रोत तिर ध्यान दियो भने काम पनि कम वा असफल नै हुन्छ, । परमेश्वरको काम गर्ने तरिकालाई हेर्ने हो भने महान कामहरु सामान्य श्रोत र सामान्य व्यक्तिहरुले नै गरेका छन् । किन यस्तो हुन्छ ? किनभने ति सामान्य व्यक्तिहरुले महान काम गर्ने परमेश्वरलाई भेटे र ठूलाकामहरु गरे, तिनीहरुले परमेश्वरलाई पारख गरेर हेरे ।" (हडसन टेलर, नोभेम्बर १८७५, china's millions)

१८७६ मा जव टेलर चीन फर्कन खोजेका थिए, चीन र वेलायतको सम्बन्ध एकदमै तनावग्रस्त थियो । युद्ध बढ्दै थियो र उनलाई नफर्कन सल्लाह दिइयो । युद्धले सम्पूर्ण सेवाको कामलाई वन्द गर्न सक्दथ्यो । यहि समयमा सेवकहरु जम्मा भएर प्रार्थना गरे र उहाँसँग मागे अनि परमेश्वरले यस्तो बेलामा झनै पश्चिमी प्रान्तका ढोकाहरु खोलिदिनुभयो । झनै सेवकहरुलाई चिनको जुनसुकै भागमा पनि स्वतन्त्र भएर जान अनुमति दिइयो ।

चीन र बेलायतको सम्झौता भयो र टेलर चिनका विभिन्न ठाउँमा बाँकी १९ महिनाहरुमा ३०,००० माइल हरेक कुना काप्चामा वाटोहरुमा सुसमाचार प्रचार गरिएका थिए । मानिसहरु प्रचार गर्न खालिखुट्टै पनि हिडें, तिनीहरुको खाना एकदमै साधारण थियो । तर खीष्टको खातिर सबै कुराको बन्दोबस्त भएको थियो । अर्कोपटक जब टेलर वेलायमा थिए, चीनको पश्चिमी प्रान्तमा ठूलो अनिकाल भएको खबर उनले पाए , अनिकालको समयमा अनाथ विधवा तथा विश्वासी अनि सेवकहरुलाई पनि खाना, लता, कपडाको अतिनै आवश्यकता पऱ्यो । महिला सेविकाहरुलाई साथ दिन सक्ने महिला सेविकाहरुकै एकदमै खाँचो पऱ्यो । यस्तो समयमा श्रीमती टेलर ले ठूलो महिलाहरुको समुहलाई नेतृत्व वगर्ने बेलायत फर्किन । आफ्ना श्रीमानको दर्शनलाई पूर्ण सहयोग गर्नु एक असल स्त्रिको गुण हो भनी तिनले कुनै अफ्यायारो नमानी चित फर्किइन् । चीन फर्केर श्रीमती टेलरले महिला सेविका तथा त्यहाँका स्थानिय व्यक्तिहरुलाई धेरै सहायता गरिन् । मध्यस्थताको प्रार्थनामा उनले एउटा अभियाननै संचालन गरिन् । अब टेलर पनि चीनमा फर्कनै लागेका थिए, जीवनका हरेक क्षेत्रमा संघर्ष गर्दै आफूलाई काममा लगाए । त्यो समयमा उनी निकै गम्भिर विरामी भए । उनको स्वस्थ अवस्था अनुसारको वातावरण भएकाले उनीहरु उत्तरी प्राप्त तिर लागे ।

आस्थाको नयाँ चरण:

उनको स्वास्थ्य अवस्था अलि ठिक भयो र आफ्नो काम झन वृहतरुपमा गर्न लागेर नयाँ जिम्मेवारीका साथ उनी पश्चिमी प्रान्त तिर लागे । त्यो ठाउँमा चीनिया महिलाहरुसँग महिलाहरुमात्र भेट गर्न

सक्दथे । अब सेविकाहरुको झनै महत्व भयो विदेशी सेविकाहरु त्यस ठाउँमा सजिलै जान सक्ने भए । साथै युवा तथा अविवाहित महिलाहरुलाई "चीनको भित्री-भित्री भागमा जीवनका हरेक कठिनाइहरुलाई चुनौती दिनै, अभाव र एक्लोपनालाई चिर्दै सुसमाचार प्रचार गर्न उत्साह दिइयो । यो कामको लागि विश्वासको एउटा ठूलो पहाडकै आवश्यकता पर्दथ्यो ।

अरु कुनै विदेशीहरुलाई त्यो भिडभाड र उकालो ओरालोमा हिंड्न कमसेकम एक महिना लाग्ने दुरी त्यस्तो ठाउँमा परमेश्वरले टेलरलाई लैजान चाहनु भयो । त्यस्तो ठाउँमा जान टेलरको निम्ति एकदमै गाह्रो कुरा थियो । उनले केही समय प्रार्थनामा विताए र परमेश्वरको अगुवाइ खोजे र त्यो ठाउँमा जाने निर्णय गरे । उनी यो क्षेत्रमा जानको लागी तयारी भए त्यो ठाउँमा खाने बस्ने ठाउँनै थिएन, उनलाई खाने कुरा नभएर एकपटक खच्चडले खाने दाता खाएको पनि अनुभव छ । कहिलेकाही उनले आफ्नो सिरानीको खोलमा पराल घुसारेर त्यसैको आड लिएर रातौं काटेका थिए । एकपटक खच्चडले उनको सिरानीको पराल खाएर उनलाई रातभरी सुत्नै दिएन । अन्ततः त्यो ठाउँमा धेरै मानिसहरु प्रभुमा आए,मण्डली तथा स्कूलहरु सुरु भए, त्यहाँ तिस जना महिला सेवीकाहरुको धार्मिक संगठन नै स्थापना हुन सक्यो । २१ लाख जनसंख्या भएको उक्त प्रान्तमा अब एकजना मात्र विदेशी सेविका थिइन् उनीमात्र त्यसक्षेत्रमा महिलाहरुको सेवाकार्यमा परिचालीका को रुपमा काम गरौ एकमात्र महिला थिइन् । उनले धनि र गरिब महिलाहरुलाई समान विचारले हेर्दथिन् । यो कुरापनि भन्नुपर्दछ कि त्यस ठाउँमा धेरै चिहानहरुपनि थिए । वाँकी रहेका थोरै मानिसहरु पछि आउने छन् भनी ति महिलाको विश्वास थियो । उनको यस कार्यको प्रभाव स्वरुप वर्षौं पछि लाखौं चिनीयाँहरुले वप्तिस्मा लिएर पक्का विस्वासी भए ।

टेलरले प्रार्थनामा उक्त ७० जना सेवक -सेवकीका हरुको आवश्यकता छ भनी परमेश्वरसँग मागे । परमेश्वरले ७० जनानै पठाइदिनु भयो, त्यो वर्षको अन्तसमय अरु १०० जनाको लागि उनले प्रार्थना गरे । परमेश्वरले उनको प्रार्थना सुन्नुभयो । वेलायतबाट कोही चिनमा प्रचार गर्न जाने इच्छा भएको छ भन्दा धेरै मानिसहरुले हात उठाए । हरेक व्यक्ति र संस्कृतिमा परमेश्वरको वचन प्रचारितु पर्दछ भन्ने वचन चिनमा पूरा भयो । (मर्कूस १६:५) उनले फेरी अर्को ५ वर्षभित्र १ हजार सेवक-सेविकाहरुको लागि प्रार्थना गरे, त्यो समयमा १,१५३ जनाले प्रतिक्रिया जनाए । त्यहाँ सेवा गर्न चाहने सबै विदेशीहरु थिएनन् कोही कोही स्थानिय व्यक्तिहरु पनि थिए ।

विस्तारै टेलरले आफ्नो सेवाको जिम्मेवारी प्रार्थना सहित अरुनै विश्वासयोग्य मानिसलाई सुम्पिदिए । कति कुराहरु तनाव र समस्या भरिएका पनि थिए त्यसमा उनले आफै हस्तक्षेप पनि गरे । समस्याहरु हुँदा प्रार्थना र उपवासले परमेश्वरले अदुभूत रुपमा समस्याको समाधान ल्याउनुभयो । त्यतिबेला चिनमा विदेशी विरोधी भावनाहरु पनि उच्च रुपमा आएको थियो, कति पटक दंगानै भयो, टेलरलाई दोष पनि लाग्यो तर उनले सबै सेवकहरुलाई यस्तो समस्या भएको बेलामा विश्वासको प्रदर्शन गर्नु पर्दछ भन्ने सिकाए जो उनको निम्ति चिन्ताको विषय थियो । चिनियाँ विश्वासीहरुलाई प्रेम गर्दै हामीले विश्वास प्रदर्शन गर्नु पर्दछ भन्ने कुरा देखाउने यो राम्रो अवसर पनि हुन गयो । धेरै सेवा केन्द्रहरु खतरामा परेको भएता पनि कसैलाई आक्रमण भने भएको थिएन ।

परमेश्वरको इच्छामा समर्पित :

समुन्द्रको तटमा टेलरले बिताएका सेवाका विभिन्न अवस्थाहरु अविस्मरणिय छन् । उनी तिस वर्ष जति त्यस ठाउँमा बसे, त्यही ठाउँमा उनले आफ्नो जीवन परमेश्वरलाई समर्पण पनि गरेका थिए । त्यस ठाउँमा उनीसँग काम गर्ने सहकर्मी सेवकहरु ५५२ जना थिए । यी सेवकहरु भित्री रुपमा काम गर्दथे । तिनीहरुमध्ये कसै कसैले आफ्नो जीवनलाई नै जोखिममा राखेर बाहिर बाहिर सेवाको कामको लागि जाने गर्दथे । यी सेवकहरु

प्रार्थनामा अडिग रहनुहोस् - विश्वासमा अघि बढ्नुहोस्

(Press On – Hold on In Prayer)

By E. M. Bounds
(1835 – 1913)

सामर्थ टेलरको उत्साह र परमेश्वरको प्रेम नै असल उर्जा थियो । एकपटक टेलरले यसरी लेखेका छन् "मेरा परमेश्वरले खीष्ट र येशूद्वारा महिमामा आफ्नो सम्पत्ति अनुसार तपाईंका सबै आवश्यकताहरु पूरा गर्नुहुनेछ ।" (फिलिप्पी ४ : १९) भन्ने बाइबलको भनाई मेरो जीवनमा पूर्णरुपले पुरा भएको छ ।

टेलरको जीवनलाई परमेश्वरले आफूलाई विश्वासी र आफ्नो वचनमा साँचो प्रमाणित गर्नुभएको थियो । सन् १९०५ मा उनकी श्रीमती र तिनजना छोरा छोरीको अगाडि उनलाई चीनको भूमि नै गाडियो । यो दुखद निधनले एकजना साँचो, सेवक, प्रार्थना गर्ने व्यक्ति, प्रेम गर्ने, विदेशीलाई चीनको माटोले निल्यो । चीनलाई प्रेम गर्ने एकजना वेलायती नागरिकले कसरी चीन देशलाई सूसमाचार को नदीनै ल्यायो उनका कार्यहरु आजसम्म पनि संसारको इतिहासमा सुनौलो अक्षरले लेखिएका छन् । उनको शरिरले चीनको माटोबाट पुनरुत्थानलाई पर्खीरहेको छ । उहाँका लाखौं आत्मिक छोराछोरीहरु थिए, सबैलाई छाडेर उनी गएता पनि यी सबै छोराछोरीहरुलाई खीष्टले चिच्याएर बोलाउँदा सबैजना उठ्ने छन् हो ! यो साच्चै हो आमिन !

(डा. श्रीमती हावर्ड टेलरको पुस्तक Hudson Taylor and The china inland Mission. The Growth of A work oy God बाट लिइएको ।)

प्रभु खीष्टले प्रार्थनाको सत्य विशेषता अत्यन्त आग्रहपूर्वक प्रार्थना गर्नुमा देखाउनुहुन्छ ।

हामीले प्रार्थना मात्र गर्नु हुँदैन, तर ठूलो आग्रह, उद्देश्य र पुनरावृत्तिका साथ प्रार्थना गर्नुपर्छ । हामीले प्रार्थना मात्र गर्नु हुँदैन, तर पटक-पटक प्रार्थना गर्नुपर्छ । हामी प्रार्थनामा थाक्नु हुँदैन । हामीले सम्पूर्ण गम्भीरताका साथ, जसको लागि हामी मागिरहेका छौं त्यसमा गहिरो चिन्तासहित प्रार्थना गर्नुपर्छ, किनभने येशू खीष्टले प्रार्थनाको रहस्य र यसका सफलतामा आग्रहको महत्त्व स्पष्ट रूपमा बताउनुभएको छ । हामीले परमेश्वरमा हाम्रो प्रार्थनालाई जोड दिएर प्रस्तुत गर्नुपर्छ ।

शालीनता र सरलताले भरिएको एउटा दृष्टान्तमा हाम्रो प्रभुले मानिसले प्रार्थना मात्र गर्नुपर्छ भन्ने होइन, तर सम्पूर्ण हृदयले प्रार्थना गर्नुपर्छ र विषयवस्तुलाई साहसी हृदय र बलियो ऊर्जा सहित परमेश्वरसामु प्रस्तुत गर्नुपर्छ भन्ने शिक्षा दिनुभएको छ ।"

तब उहाँले तिनीहरूलाई एउटा दृष्टान्त सुनाउनुभयो, कि मानिसहरूले सधैं प्रार्थना गर्नुपर्छ र हरेस खानु हुँदैन । उहाँले भन्नुभयो, "एउटा सहरमा एउटा न्यायाधीश थियो, जसले न परमेश्वरलाई डराउँथ्यो, न मानिसलाई आदर गर्थ्यो । त्यही सहरमा एउटी विधवा थिइन्, जो बारम्बार उहाँकहाँ गई भनिरहन्थिन्, 'मेरो विरोधीबाट न्याय दिलाइदिनुहोस् ।' उहाँले केही समयसम्म अटेर गर्नुभयो । तर पछि उहाँले आफैंमा सोचेर भन्नुभयो, 'यद्यपि म परमेश्वरलाई डराउँदिनँ, न मानिसलाई आदर गर्छु, तर यो विधवाले मलाई बारम्बार दुःख दिएकाले म उसलाई न्याय दिलाउँछु, कि ऊ निरन्तर आएर मलाई हैरान नगरोस् ।'"

प्रभुले भन्नुभयो, "यो अन्यायी न्यायाधीशले के भन्यो, ध्यान देऊ । परमेश्वरले के आफ्ना चुनेका मानिसहरूलाई, जसले रातदिन उहाँलाई पुकारिरहेका छन्, न्याय नगर्नेछन् र उनीहरूसँग धैर्य नगर्नेछन्?

म तिमीहरूलाई भन्दछु, उहाँले चाँडै नै उनीहरूका लागि न्याय गर्नुहुनेछ । तर जब मानवको पुत्र आउनुहुन्छ, के उहाँले पृथ्वीमा विश्वास पाउनुहुनेछ?" (लूका १८:१-८)

आशाहीन परिस्थिति

यो गरीब महिलाको अवस्था एकदमै आशाहीन थियो, तर निरन्तर आग्रहले निराशाको ठाउँबाट आशा

ल्याउँछ र जहाँ सफलता पनि असम्भव थियो, त्यहाँ सफलता सिर्जना गर्छ । यो घटनाले देखाउँछ कि कसरी थाक्दैन र हिम्मत नछोड्ने प्रार्थनाले आफ्नो लक्ष्य पुरा गर्छ, जहाँ अरु सबै असफल हुन्छन् ।

यस दृष्टान्तको भूमिका यसरी लेखिएको छ: "येशूले तिनीहरूलाई यो दृष्टान्त सुनाउनुभयो, कि मानिसहरूले सधैं प्रार्थना गरून् र हरेस नखान् ।" उहाँलाई थाहा थियो कि मानिसहरू चाँडै प्रार्थनामा निराश हुनेछन् । त्यसैले हामीलाई हौसला दिनका लागि उहाँले यो तस्वीर दिनुभयो, जसले प्रार्थनामा निरन्तर आग्रहको अद्भुत शक्ति देखाउँछ ।

विधवा महिला, जो कमजोर र असहाय थिइन्, वास्तविक रूपमा असहायताको उदाहरण हुन् । उनले एउटा अन्यायी न्यायाधीशलाई हल्लाउनसक्ने कुनै आशा वा शक्ति पनि पाइनन् । तर पनि उनले आफ्नो मुद्दा जितिन्, केवल आफ्नो थाक्न नदिने र बारम्बारको आग्रहका कारण ।

के प्रार्थनामा निरन्तर आग्रहको शक्ति र महत्त्वलाई यसभन्दा गहिरो र प्रभावशाली तवरमा चित्रण गर्न सकिन्छ? यसले सबै बाधालाई पार गर्छ, हरेक अवरोधलाई जित्छ र असम्भव जस्तो देखिने परिस्थितिमा पनि सफलता प्राप्त गर्छ ।

हामीले प्रार्थना बिना केही गर्न सक्दैनौं । तर निरन्तर आग्रहसहितको प्रार्थनाले सबै कुरा गर्न सक्छ । यही येशू ख्रीष्टको शिक्षा हो ।

निरन्तर आग्रहको अर्को दृष्टान्त

येशूले सुनाउनुभएको अर्को दृष्टान्तले यही सत्यलाई बल दिन्छ । मध्यरातमा एउटा मानिस आफ्नो साथी कहाँ रोटी सापट माग्न जान्छ । उसको निवेदन बलियो छ, मित्रताको नाताले र आवश्यकताको गम्भीर परिस्थितिले उसलाई माग्न बाध्य बनाउँछ । तर यी सबै कारणले केही हुँदैन । उसले रोटी पाउँदैन । तर ऊ थाक्दैन, निरन्तर आग्रह गर्दै बसिरहन्छ, दबाब दिन्छ र अन्ततः जित्छ । केवल निरन्तर आग्रहले सफलता दिन्छ, जहाँ अरु सबै प्रयास असफल हुन्छन् ।

साइरोफोनिसीकी महिलाको घटना कार्यमा देखिएको दृष्टान्त हो । येशू कहाँ पुग्दा उसलाई रोक्न खोजिन्छ, र भनिन्छ कि उहाँले उसलाई भेट्नुहुन्न । उसलाई येशूको उपस्थितिबाट इन्कार गरिन्छ । अनि जब उनी येशूको सामु आइपुग्छिन्, उहाँ शान्त र असंवेदनशील ।

उनी अझै पनि निरन्तर आग्रह गरिरहन्छिन् । जब उनलाई कठोर शब्दमा भनिन्छ कि येशू उनको जाति वा मानिसका लागि पठाइएका होइनन्, र उनलाई "कुकुर" भनेर सम्बोधन गरिन्छ, उनी अपमान सहन्छिन् । तर उनले सबै अपमान स्वीकार्छिन्, सबै अवरोध जित्छिन् र अन्ततः आफ्नो इच्छानुसार सफलता पाउँछिन् ।

येशूले उनको अटल विश्वास र निरन्तर आग्रह देखेर भन्नुभयो:

"हे महिला, तिम्रो विश्वास महान् छ । तिम्रो इच्छाअनुसार पूरा होस्" (मत्ती १५:२८) ।

येशू ख्रीष्ट निरन्तर आग्रहले भरिएको ठूलो विश्वासको अगाडि आफूलाई समर्पण गर्नुभयो । उहाँले भनेभैं: "के परमेश्वरले आफ्ना चुनेका मानिसहरूलाई, जो रातदिन उहाँलाई पुकारिरहेका छन्, न्याय नगर्नेछन्?"

येशू ख्रीष्टले प्रार्थनाको निरन्तर आग्रहलाई मुख्य तत्वहरू मध्ये एकको रूपमा राख्नुहुन्छ । साइरोफोनिसीकी महिलाको प्रार्थना प्रार्थनामा रहेको आग्रहको अद्वितीय शक्तिको उदाहरण हो । यो एउटा यस्तो संघर्ष हो जसमा साहस, सहनशीलता र आत्मिक शक्ति संलग्न छन् । यो संघर्ष प्राचीन ओलम्पिक खेलहरूमा देखिएको संघर्षभन्दा पनि गहिरो र शक्तिशाली हो ।

निरन्तर आग्रहका पाठहरू

निरन्तर आग्रहका पाठहरू येशूले पर्वत उपदेशमा सिकाउनुभयो - "माग, र तिमीलाई दिइनेछ; खोज, र तिमीले पाइनेछ; ढकढक, र तिमीलाई खोलेर दिइनेछ । किनकि जो कोही माग्छ, उसले पाउँछ; जो कोही खोज्छ, उसले पाउँछ; र जो कोही ढकढक गर्छ, उसलाई खोलिनेछ ।" (मत्ती ७:७-८) ।

निरन्तरता बिना प्रार्थना अनुत्तरित रहन सक्छ । निरन्तर आग्रह भनेको हो, अडिग रहन सक्ने क्षमता, अघि बढ्न सक्ने साहस, विश्राम नगरीको इच्छा र शान्त धैर्य ।

निरन्तर प्रार्थना एक घटना मात्र होइन, बरु मुख्य कुरा हो; प्रदर्शन

होइन, तर एक जोश हो; आवश्यकता होइन, बरु एक अनिवार्यता हो ।

प्रार्थना यसको उच्चतम रूप र महानतम सफलतामा पुगेपछि, यो परमेश्वरसँगको एक पहलवानको लडाइँको रूप लिन्छ । यो विश्वासको परीक्षण, संघर्ष र विजय हो; एक यस्तो विजय जुन दुश्मनबाट होइन, बरु त्यो परमेश्वरबाट जो हाम्रो विश्वासलाई परख्न चाहन्छ ताकि हामीलाई त्यसको विस्तार गर्न सकून्, जो हाम्रो शक्ति परीक्षण गर्दछ ताकि हामी अझ बलियो बनौं ।

केही पनि आत्मामा लामो र निरन्तर प्रार्थनाले जत्तिको तीव्र र स्थिर शक्ति दिन सक्दैन । यो एक अनुभव, एक नयाँ युग, आत्माको लागि नयाँ पात्रो, धर्मको लागि नयाँ जीवन, र सैनिक तालिम बनाउँछ ।

कठोर, तातो, जोशिलो

बाइबल कहिले पनि यस तथ्यको दबाब र चित्रणमा थाक्दैन कि सबैभन्दा उच्च आध्यात्मिक सुख त्यो उच्चतम आध्यात्मिक प्रयासको फलस्वरूप प्राप्त हुन्छ । बाइबलमा कमजोर इच्छा, आलसी प्रयास, र थाकेका मानसिकताका लागि कुनै उत्साह वा स्थान छैन, सबै कुरा कठिन, तत्पर, र जोशिला हुनुपर्छ । उन्मत्त इच्छा, उत्साही, थाक्न नजान्ने अडिगता स्वर्गलाई प्रसन्न पार्छ । परमेश्वर उहाँका सन्तानहरू साँचो र निरन्तर प्रयासमा अडिग र साहसी रहून् भन्ने चाहना छ । स्वर्ग आधा मनले प्रार्थना गर्ने वा हल्का आवाजमा पुकार गर्ने प्रार्थनालाई सुन्न व्यस्त छैन ।

हाम्रो सम्पूर्ण अस्तित्व प्रार्थनामा हुनु पर्छ; जस्तो जोन नोक्सले भने र महसुस गरे, "मलाई स्कटल्याण्ड दिनुहोस्, होइन भने म मर्छु" हाम्रा परमेश्वरसँगका अनुभव र प्रकटन हाम्रा महङ्गा बलिदान, हाम्रा महङ्गा संघर्ष, र हाम्रा महङ्गा प्रार्थनाबाट जन्मिन्छ । याकूबको रातभरको लडाइँ र प्रार्थनाले याकूबको जीवनमा कहिल्यै नबिर्सने युग ल्यायो, परमेश्वरलाई उद्धारको लागि ल्यायो, एशाउको दृष्टिकोण र आचरण परिवर्तन गर्यो, याकूबको स्वभाव परिवर्तन गर्यो, उसको जीवनलाई बचायो र राष्ट्रका आदतहरूमा प्रवेश गरायो ।

निरन्तर आग्रह, यो पुनः भन्न सकिन्छ, प्रार्थनाको शर्त हो । हामीले मुद्दालाई दबाब दिनुपर्छ, खाली बेमानी दोहोर्याईदैन, तर अत्यन्तै तत्परतासाथ दोहोर्याउनु पर्छ । हामी बारम्बार प्रार्थना गर्दैनौं समय गन्नको लागि, तर प्रार्थनालाई प्राप्त गर्नको लागि । हामी प्रार्थना गर्न रोक्न सक्दैनौं किनकि हाम्रो हृदय र आत्मा यसमा छन् । हामी "सस्तो परिश्रममा" प्रार्थना गर्छौं । हामी हाम्रो प्रार्थनामा अडिग रहन्छौं किनकि तिनैबाट हामी जीवन यापन गर्छौं । हामी हाम्रो निवेदनलाई दबाब दिन्छौं किनकि हामीलाई ती आवश्यक छन्, नत्र हामी मर्छौं । खीष्टले प्रार्थनामा निरन्तर आग्रहको आवश्यकता प्रकट गर्न दुई अत्यन्त व्यक्त गर्ने दृष्टान्तमा सिकाउनुभयो । सम्भवतः अब्राहामले सदम गुमायो किनकि उसले आफ्नो प्रार्थना गर्ने विशेष अधिकारलाई अन्तिम हदसम्म दबाब दिएन (उत्पत्ति १८:२३-३२) । हामीलाई थाहा छ कि जोआशले गुमायो किनकि उसले प्रहार गर्न रोक्यो (२ राजा १३:१८-१९) ।

धैर्य परमेश्वरसंग र मानिससँग दुवैका लागि महत्त्वपूर्ण छ । यदि एलियाले पहिलो निवेदनपछि प्रार्थना रोकिदिएको भए, आकाशले उहाँको कमजोर प्रार्थनामा पानी कम मात्र दिन्थ्यो (१ राजा १८:४२-४५) । यदि याकूबले उचित समयमा प्रार्थना रोकिदिएको भए, उसले अगाडि एशाउ सँगको भेटमा बच्न सक्ने थिएन (उत्पत्ति ३२:२४-३०) । यदि साइरोफोनिसीकी महिलाले मौनता, अपमान, अस्वीकार, वा मध्य बाटोमा रोकेको विश्वासलाई मन्द पररहेको भए, उनको दुःखी घर कहिल्यै निको हुँदै त्यसकी छोरीलाई चंगाई प्राप्त गर्थ्यो ।

प्रार्थना गर्नुहोस् र कहिल्यै नथाक्नुस्

"प्रार्थना गर्नुहोस् र कहिल्यै नथाक्नुस्," यो खीष्टले हामीलाई प्रार्थना गर्नका लागि दिएका आदर्श वाक्य हुन् । यो हाम्रो विश्वासको परीक्षण हो, र जति कठिन परीक्षण र लामो पर्खाइ हुनेछ, परिणाम त्यति नै महिमामय हुनेछ ।

पुरानो व्यवस्था का संतहरूले निरन्तर आग्रहका फाइदाहरू र आवश्यकता सिकाएका छन् । प्रार्थना गर्ने मानिसहरूले आशा, विश्वास र प्रार्थनामा बलियो हुनुपर्छ । तिनीहरूले

कसरी पर्खनु र दबाब दिनु, परमेश्वरको सामु पर्खनु र हाम्रो दृष्टिकोणमा साँचो हुन जान्नुपर्छ ।

अब्राहामले हामीलाई सडोम र गोमोराहका लागि परमेश्वरसँग तीव्र प्रार्थना गरेर निरन्तर मध्यस्थता गर्ने उदाहरण छोडेका छन्, र यदि, जस्तो पहिले भनेको छ, उसले सोध्न रोक्दैन भने, सम्भवत: परमेश्वरले दिन्न रोक्ने थिएन । कसैले भनेका छन्, "अब्राहामले परमेश्वरले दिनु रोक्नु अघि सोध्न रोक्दैनथ्यो ।"

मोसाले इजरायलको लागि ४० दिन र ४० रातसम्म उपवास र प्रार्थनामा मध्यस्थता गर्दा निरन्तर आग्रहको शक्ति सिकाएका थिए । र उनले आफ्नो निरन्तर आग्रहमा सफलता पाए ।

येशूले आफ्नो शिक्षा र उदाहरणमा पुरानो व्यवस्था का प्रार्थना र पर्खाइका सिद्धान्तलाई चित्रण र परिपूर्ण गर्नु भयो । कस्तो अचम्मको कुरा हो कि परमेश्वरको एक मात्र पुत्र,- येशू, जसले केवल आफ्ना पिताको इच्छा पूरा गर्नका लागि मात्र आफ्नो जीवन र कानूनलाई पालना गर्नुभयो ,कस्तो रहस्य हो कि उहाँ प्रार्थनाको अधीनमा हुनुहुन्छ । उहाँलाई प्राप्त भएका आशीर्वादहरू प्रार्थनाबाट नै आयो । अझ अचम्मको कुरा भनेको, उहाँको जीवनको सबैभन्दा ठूलो आपूर्ति प्रार्थनाको निरन्तरता र आग्रहको कारण प्राप्त भयो । यदि उहाँले निरन्तर प्रार्थना नगरेको भए, उहाँको इतिहासमा रूपान्तरण हुँदैनथ्यो, र उहाँको जीवनका चमत्कारी कार्यहरूले दिव्य स्वरूप प्राप्त गर्दैनथ्यो । उहाँको रातभरको प्रार्थनाले उहाँको दिनभरको कार्यमा सहानुभूति र शक्तिका साथ साथ दिएको थियो । उहाँको जीवनको निरन्तर प्रार्थनाले उहाँको मृत्युलाई विजयको रूपमा सम्पन्न गर्यो । उहाँले परमेश्वरको इच्छामा आत्मसमर्पणको गहिरो पाठ प्रार्थनाको संघर्षहरूमा सिक्नुभएको थियो, जसलाई उहाँले क्रूसमा अत्यन्त उत्तम तरिकाले देखाउनुभयो ।

चार्ल्स स्पर्जनले भनेका थिए, "हामीलाई जस्तो पनि लागोस्, प्रार्थना गर्नु नै राज्यको नियम हो । 'माग, र तिमीलाई दिइनेछ; खोज, र तिमीलाई दिइनेछ ।' यो एक नियम हो जुन कसैको लागि परिवर्तन हुने छैन ।यो शास्त्र सम्झनुहोस: यहोवा आफ्ना पुत्रसँग भन्नुहुन्छ, 'मबाट सोध, र म तिमीलाई जातिहरूलाई तिमीको धरोहर दिनेछु, र पृथ्वीका कोने-कोनेलाई तिमीलाई दिनेछु' (भजनसंग्रह २:८) । यदि परमेश्वरको पुत्रलाई प्रार्थना नगरी केही प्राप्त गर्न नसकिने हो भने, हामीले प्रार्थना नगरी केहि प्राप्त गर्ने आशा गर्न सक्दैनौं ।

परमेश्वर एलियालाई आशीर्वाद दिनुभयो र इजरायलमा वर्षा पठाउनुभयो । यदि चयन गरिएको राष्ट्रलाई समृद्धि चाहिन्छ भने, सामूएलले प्रार्थना गर्नुपर्छ । यदि यूदाहरूको मुक्ति चाहिन्छ भने, डानियलले मध्यस्थता गर्नुपर्छ । परमेश्वर पवललाई आशीर्वाद दिनेछन् र राष्ट्रहरूलाई तिनका माध्यमबाट रूपान्तरण गर्नेछन्, तर पवलले प्रार्थना गर्नुपर्छ । पवलले निरन्तर प्रार्थना गरे, र उनका पत्रहरूले देखाउँछन् कि तिनीहरूले कुनै कुरा बिना सोध्नैपर्ने विश्वास राख्थे । यदि तपाईंले सबै कुरा सोध्न सक्छौं र केही पनि सोध्न नगरी प्राप्त गर्न सक्दैनौं भने, म तपाईंलाई प्रार्थनाको महत्त्व बुझ्न र यसमा बढावा दिन अनुरोध गर्दछु ।"

यो निश्चित छ कि हाम्रो प्रार्थनाको धेरै भाग निरन्तरता अभावका कारण असफल हुन्छ । यसमा संघर्ष र लगनको कमी हुन्छ । निरन्तरता भनेको साँचो प्रार्थनाको सार हो । यसले सधैं प्रयोगमा नआउँदा पनि यसलाई एक बलको रूपमा राख्नु पर्छ । येशूले प्रार्थनामा निरन्तरता अपरिहार्य तत्व हो भनेर सिकाउनुभयो । मानिसहरूले परमेश्वरको चरणमा साँचो समर्पणका साथ प्रार्थना गर्नुपर्छ ।

धेरै पटक हामी निराश भएर प्रार्थना गर्न रोक्दछौं, जुन स्थानमा हामीले शुरू गर्नु पर्छ । हामी त्यही स्थानमा हार मानेर छोड्दछौं जहाँ हामीलाई सबैभन्दा दृढ भएर पकड्नु पर्छ । हाम्रा प्रार्थनाहरू कमजोर हुन्छन् किनकि ती अनवरत र अडिग इच्छाबाट प्रेरित भएका हुँदैनन् ।परमेश्वर निरन्तर आग्रह गर्ने व्यक्तिलाई प्रेम गर्नुहुन्छ, र उहाँले तीनलाई उत्तर दिनुहुन्छ जसले नअडिग अनुरोधलाई स्वीकार्नु हुँदैन जबसम्म माग गरिएको प्रार्थना पूरा हुँदैन ।

BOOKPOST

पत्र पाउनेको ठेगाना (TO)

नाम (Name) :

ठेगाना (Address) :

हाम्रो ठेगाना (Our Address):

जी.पी.ओ. बक्स ८९७५, ई.पी.सी. : ५६००, काठमाडौँ, नेपाल

प्रकाशक : गोस्पल रिभाइभल आई.एन.सी.

सल्लाहकार : ऋच कारमाइकल

कम्प्युटर सेटिङ : एक्सट्रा प्रिन्ट आउट, डिल्लीबजार, ९८१८६०५६८२

सह-सम्पादक : श्रीमती शान्ति पौडेल

सम्पादक : श्री नवराज पन्त

G.P.O. Box: 8975, EPC: 5600, Kathmandu, Nepal

E-mail: nepalherald@yahoo.com

Phone No:- 2090221, 4382442

Published by: Gospel Revival Inc. (all rights reserved)

Counselor: Rich Carmicheal

Computer Setting: Xtra Print Out, Dillibazar, # 9818605682

Co- Editor: Mrs. Shanti Poudel

Editor: Mr. Nava Raj Panta

website: www.nepalherald.blogspot.com